नेपाल राष्ट्र बैंक

प्रेस समाचार

## डेपुटी गभर्नर महा प्रसाद अधिकारीबाट FATF Plenary मा सहभागिता

यस बैंकका डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारी यही फागुन ७ देखि ११ गतेसम्म फ्रान्सको पेरिसमा सम्पन्न Financial Action Task Force (FATF) को प्लेनरी बैठकमा भाग लिई फागुन १३ गते स्वदेश फर्कनु भयो । श्री अधिकारीको नेतृत्वमा FIU प्रमुख श्री मुकुन्द महत तथा नेपाल सरकार, अर्थ मन्त्रालयका पदाधिकारीहरु सहभागी हुनुभएको थियो । उक्त अवसरमा नेपाली प्रतिनिधिले APG का प्रतिनिधि, FATF/Regional Review Group का अध्यक्ष तथा सदस्यहरु, FATF को सचिवालय, IMF/ADB लगायतका प्रतिनिधीहरुसँग छलफल गरी आफ्नो सरोकारका विषयहरु राखेको थियो ।

सम्पत्ति शुद्धिकरण निवारण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा मापदण्ड तयार गरी विभिन्न मुलुकहरुको यस सम्बन्धी व्यवस्था तथा प्रगतिबारे अनुगमन गर्ने उक्त बैठकमा नेपाल लगायत विभिन्न मुलुकहरुको विद्यमान अवस्था र प्रगति सम्बन्धमा छलफल भएको थियो ।

FATF को व्यवस्थानुसार नेपाल हाल Improving Global AML/CFT Compliance Ongoing Process अर्थात् Grey List मा रहेको छ । यस पटकको बैठकले पनि नेपाललाई जुन २०१३ मा हुने अर्को प्लेनरीसम्मको लागि सोही लिष्टमा रहने गरी निर्णय गरेको छ । यसरी Status Quo मा रहने निर्णयको लागि हालसालै पारित भएको संगठित अपराध नियन्त्रण सम्बन्धी ऐनले ठूलो सहयोग गरेको छ ।

नेपालको सन्दर्भमा, नेपालले कार्यान्वयन गर्नुपर्ने Action Plan को अन्तिम समय सीमा आगामी जुन २०१३ रहेको छ । यसअघिको कार्य सम्पादन समयमै नभएको आधारमा आगामी कामहरु पनि नेपालले समयमै सम्पादन गर्न नसक्ने जिज्ञासाका सम्बन्धमा उक्त बैठकमा गहन छलफल भएको थियो । यसबाट सम्पत्ति शुद्धिकरण निवारण ऐनको दोश्रो संशोधन र कसुरबाट आर्जित सम्पत्ति जफत, सम्बन्धी कानून यही मे २०१३ मा हुने आमने सामने छलफलसम्म वा ढिलोमा FATF को आगामी जुनमा हुने प्लेनरी अगावै ल्याउन विशेष दवाव परेको छ । आगामी दिनमा समेत समयमा काम हुन नसक्ने अवस्था सिर्जना हुन सक्ने भनी प्रतिवेदनमै लिखित रुपमा उल्लेख गरेकोले उक्त कानूनहरु उल्लिखित समयभित्र ल्याउन नसकेमा नेपाल FATF को Public Statement (Black List) मा पर्ने संभावना बढेर गएको छ ।

दुर्भाग्यवश नेपाल कालोसूचीमा परेमा अन्य मुलुकका सरकारहरुले नेपाली निकाय, संस्था वा नागरिकसँग वित्तीय वा अन्य कारोवार नगर्न वा उच्च सर्तकतापूर्वक मात्र गर्न निर्देशन दिने, नेपालका

निकायहरु राष्ट्र बैंक, अन्य बैंक तथा कुटनीतिक नियोगहरु लगायतको विदेशी बैंकमा रहेका खाता बन्द गर्न सक्ने, कारोवारमा थप शुल्क लिने र लागत बढ्ने, नेपालका वित्तीय संस्थाले विदेशमा कारोवार गर्न समस्या हुने, रेमिट्यान्समा लागत बढ्ने, यसका कारण अन्तर्राष्ट्रिय व्यापार घट्ने र नेपालको व्यापार घाटा बढ्ने, लगानी र विश्वास प्रतिकूल वातावरण सिर्जना हुने, सही लगानी फिर्ता जान सक्ने, नेपालको वित्तीय क्षेत्र विश्वबाट अलग हुन समेत सक्ने, विश्व संस्था तथा मुलूकहरुले नेपाललाई दिने ऋण/सहयोग कम हुने, वैदेशिक लगानी निरुत्साहित हुने, थप कठोर शर्तहरु लाद्ने र नेपालको विश्वव्यापी प्रतिष्ठामा प्रतिकूल प्रभाव पर्न सक्ने देखिन्छ ।

२०६९ फागुन १४ गते सोमबार

गभर्नरको कार्यालय